आज मिति २०७९ जेष्ठ २९ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको दोस्रो (२/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | सरस्वती |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री मंगल बहादुर शाही | |

# मिति : २०७९/०२/२९ गतेको कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यपालिका बैठकमा पेश गरिएको प्रस्ताव/विषयसूची :

१. बैठकको समीक्षा सम्बन्धमा ।

२. सार्वजनिक स्थलमा अनाधिकृत रुपमा थुपारिएर राखेका निर्माण सामाग्री व्यवस्थापन सम्वन्धमा ।

३. आगामी आ.व.०७९/०८० का लागि श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्वन्धमा

निर्णय :-

निर्णय नं.१ :- यस नगरपालिकाको मिति २०७९/०२/२३ गते बसेको नगर कार्यपालिका बैठकवाट भए गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं.२ :- यस टीकापुर नगरपालिका क्षेत्रभित्र सार्वजनिक चोक, चौराह , ओपन स्पेस तथा वाटोको छेउ छाउमा अनाधिकृत रुपमा थुपारिएका , संकलन गरी राखेका ढुंगा, गिट्टी, वालुवा लगायतका निर्माण सामग्री सम्वन्धितलाई त्यस्ता सार्वजनिक क्षेत्रबाट हटाउने / व्यवस्थापन गर्ने सम्बन्धमा कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०२/२० तथा २०७९/०२/२६ गते सार्वजनिक सूचना प्रकाशन तथा प्रशारण गरिएकोमा तोकिएको समयावधि भित्र त्यस्ता सामग्री सम्वन्धितले व्यवस्थापन नगरेको पाईएमा त्यस्ता निर्माण सामग्री नगरपालिका कार्यालयबाट संकलन गर्ने र त्यस्ता सामग्रीहरु नगरपालिकाको विकास निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्यमा प्रयोग गर्ने ।

निर्णय नं. ३ :- यस नगरपालिकाको आगामी आ.व. २०७९/०८० को श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्वन्धमा आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपणका साथै विपय क्षेत्रगत वजेटको सीमा तथा प्राथमिकताका विपय /क्षेत्रका सम्वन्धमा छलफल गरियो ।

प्रमुख प्रशासकिय अधिकृत